**प्रस्तावहरुः**

२०८१/०८२-१४।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१/०८२-१४।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१/०८२-१४।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१/०८२-१४।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१/०८२-१४।०५ आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा ।

२०८१/०८२-१४।०६ बिषयगत समितिको प्रतिवेदन पेस सम्बन्धमा ।

२०८१/०८२-१४।०७ विशेष गाउँसभा समिक्षा सम्बन्धमा।

२०८१/०८२-१४।०८ रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवनको ठेक्का सम्झौता अनुमोदन सम्बन्धमा ।

२०८१/०८२-१४।०९ आव २०८१।०८२ को योजना तथा कार्यक्रम भुक्तानी सम्बन्धमा।

२०८१/०८२-१४।१० रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवन निर्माणार्थ उत्खनन हुने माटोको व्यवस्थापन सम्बन्धमा ।

२०८१/०८२-१४।११ कृषि मेसिनरी सामग्री तथा बजेट थप सम्बन्धमा ।

२०८१/०८२-१४।१२ विविध सम्बन्धमा ।

योजना तथा कार्यक्रम संशोधन सहित प्रस्ताव पेस सम्बन्धमा ।

**विद्यालय अनुगमन मेन्टरको प्रयोग सम्बन्धी कार्यविधि २०८१** संशोधन सम्बन्धमा ।

खर्च अनुमोदन सम्बन्धमा ।

नापी कार्यालयको कार्यालय व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव पेस गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।०१**

प्रस्ताव नं २०८१/०८२-१४।०१ उपर छलफल गर्दा १६४औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।०२**

प्रस्ताव नं २०८१/०८२-१४।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।०३**

प्रस्ताव नं २०८१/०८२-१४।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।०४**

प्रस्ताव नं २०८१/०८२-१४।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

तपसिलः

रूपाताल परियोजना जग्गा मुआव्जा सम्बन्धी गोष्ठी

वास योजना कार्यक्रम

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।०५**

प्रस्ताव नं २०८१/०८२-१४।०५ उपर छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ को लागि बजेट तथा कार्यक्रम तर्जुमाका लागि स्रोत अनुमान तथा सीमा निर्धारण समितिद्वारा पेस भएको सीमामा रही बजेट तथा कार्यक्रम तर्जुमा गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन दिने ।विषयगत शाखा, वडा कार्यालयलाई बजेट तर्जुमा मार्गदर्शन सहित तोकिएको सीमामा योजना तथा कार्यक्रम माग गर्ने तथा विभिन्न समितिद्वारा पेस भएको आगमी आर्थिक वर्षको नीति तथा कार्यक्रमको बारेमा छलफल गरि एकिकृत गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।०६**

प्रस्ताव नं २०८१/०८२-१४।०६ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीका विषयगत समितिद्वारा पेस भएको प्रतिवेदन संशोधन सहित स्वीकृत गरी आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि शाखा तथा वडा कार्यालयसँग राय/प्रतिवेदन सहित उक्त कार्यमा लाग्न निर्देशन दिने ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।०७**

प्रस्ताव नं २०८१/०८२-१४।०७ उपर छलफल गर्दा मिति २०८१/०१/२२ गते सञ्चालित विशेष गाउँसभामा भए गरेका कमी कमजीरीलाई सुधार गरी थप व्यवस्थित बनाउदै लैजाने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।०८**

प्रस्ताव नं २०८१/०८२-१४।०८ उपर छलफल गर्दा रूपा गाउँपालिकाको ठेक्का नं 11/RUPA/NCB/WORKS/2081/2082 को गाउँपालिकाको प्रशासकीय भवन निर्माण लागि ठेक्का आह्वान भएकोमा निर्माण व्यवसायीहरूमध्ये RIPL-MCPL JOINT VENTURE लाई न्युनतम, मुल्याङ्कित र सारभुतरूपमा प्रभावग्राही देखि मिति २०८३/०१/३० सम्ममा योजना सम्पन्न गर्नेगरी, कुल सम्झौता रकम रू ७७९५४२०९.२२ (भ्याट र पि.एस सहित)मा निर्माण व्यवसायी र रूपा गाउँ कार्यपालिकाको कार्यालयबिच मिति २०८२/०१/३१ मा भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।०९**

प्रस्ताव नं २०८१/०८२-१४।०९ उपर छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ का योजना तथा कार्यक्रमको समयमै भुक्तानीका लागि २०८२ जेठ मसान्तसम्म सम्झौता गर्ने, असार १० भित्र भुक्तानीको लागि पेस गर्ने र सम्बन्धित निर्माण व्यवसायी संस्था लगायतलाई सोही बमोजिम गर्ने गराउने गरी सम्बन्धित शाखा तथा वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।१०**

प्रस्ताव नं २०८१/०८२-१४।१० उपर छलफल गर्दा रूपा ६ कास्की, फालभञ्ज्याङमा रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवन निर्माणार्थ उत्पन्न हुने माटोजन्य पदार्थहरूको व्यवस्थापनका लागि रूपा ५ तोरिबारी वातावरणीय रूपमा उपयुक्त देखिएको, भुक्षय जोखिम न्युन भएको, उक्त क्षेत्र सार्वजनिक रहेको र भवन निर्माण स्थलबाट न्युनतम दुरीभित्र रहेको पाइएकाले उल्लिखित स्थानमा माटो व्यवस्थापन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।११**

प्रस्ताव नं २०८१/०८२-१४।११ उपर छलफल गर्दा चालु आर्थिक वर्षको कृषि यान्त्रीकरण शीर्षकमा विनियोजित बजेट अनुसार खरिदको ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१४।१२**

प्रस्ताव नं २०८१/०८२-१४।१२ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँ कार्यपालिकाको मिति २०८१ चैत्र २९ को निर्णयानुसार आर्थिक वर्ष २०८२/०८३ को लागि गण्डकी प्रदेशसँग विशेष र समपुरक योजना/कार्यक्रमको लागी प्रस्ताव पेस गरिएकोमा प्रस्तावमा पेस गरिएका योजना तथा कार्यक्रमहरू मध्ये समपुरक अनुदान तर्फका योजना/कार्यक्रम आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय सरकारको योजना तथा कार्यक्रममा समावेश भएको पाइएकाले आर्थिक वर्ष २०८२/०८३ को लागि संशोधन सहित तपसिल बमोजिम योजना तथा कार्यक्रम कायम गरी गण्डकी प्रदेश सरकारलाई प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

तपसिलः

| क्रस | माग गर्ने निकाय | अनुदानको प्रकृति | योजना तथा कार्यक्रमको नाम, ठेगाना | अनुमानित रकम | कै |
|---|---|---|---|---|---|
| १ | गण्डकी प्रदेश | समपुरक | ठाटीथर थुम्का राम्चे भुवाने सडक रूपा ३ र ४ कास्की | रू २ करोड | संशोधित |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | | विशेष | दुध तथा मासु उत्पादनमा वृद्धि कार्यक्रम | रू ४० लाख | यथावत |

ख) रेडियन्ट इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन सर्भिसेस प्रा.लि.ले पेस गरेको सहिद पार्क रूपा ३ को विस्तृत इन्जिनियरीङ प्रतिवेदन स्वीकृत गरी रकम रू ४ लाख ९३ हजार ८ सय १० मात्र भुक्तानी दिने ।

ग) फ्रन्टलाइन प्रोफेसनल इन्जिनियरीङ सर्भिसेस प्रा.लि.ले पेस गरेको वडा नं ३ को प्रशासकीय भवनको विस्तृत इन्जिनियरीङ प्रतिवेदन स्वीकृत गरी रकम रू ४ लाख ९१ हजार ५ सय ५० मात्र भुक्तानी दिने ।

घ) रूपा गाउँपालिका वडा नं ५ मा देउराली आयुर्वेद औषधालयको नाउँमा जग्गा रहेको र उक्त आयुर्वेद औषधालयको भवन जिर्ण भएकाले आर्थिक वर्ष २०८२/०८३ को योजना तथा कार्यक्रममा उक्त भवन निर्माणको योजना समावेश गर्न प्रदेश सरकारलाई लेखी पठाउने निर्णय गरियो ।

ङ) रूपा गाउँपलिका वडा नं ७ निवासी सोम बहादुर विक आर्थिक रूपमा विपन्न रहेको र निजको आफ्नै आवास नभएको भनी वडा कार्यालयको सिफारिस सहित निवेदन पेस गरेकाले निजलाई भैपरी आउने पुँजीगत खर्च शीर्षकबाट खर्च लेख्नेगरी बढीमा २० हजार भुक्तानी गर्ने निर्णय गरियो ।

च) रूपा गाउँपालिका वडा नं ५ स्थित आँपुखोला ट्रष्ट निर्माण योजना कार्यसम्पन्न भइ बिल भरपाइ लगायतका कागजात सहित भुक्तानीका लागि निवेदन पेस गरेकाले रू १ लाख नबढ्नेगरी कार्यपालिकाबाट विनियोजन हुने पुँजीगत खर्च शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

छ) रूपा गाउँपालिका वडा नं ६ निवासी जौवारी गुरूङ एकिकृत कृषि फर्मका सञ्चालक डिल बहादुर गुरूङले करिव सात रोपनी जग्गामा केरा खेती गरी उत्पादित वस्तुहरुको बजारीकरण गर्दै आएकोमा वडाको सिफारिस सहित अनुदान सहयोगको लागि निवेदन पेस गरेकाले निजलाई कृषि उत्पादनमा आधारित अनुदान (कृषि एम्बुलेन्स तथा पुरस्कार) शीर्षकबाट खर्च लेख्नेगरी बढिमा रकम रू १० हजार भुक्तानी दिने निर्णय गरियो।

ज) नापी कार्यालय लेखनाथको कार्यालय व्यवस्थापनका लागि रकम रू १ लाख नवढ्ने तथा कार्यपालिकाको निर्णयबाट हुने पूँजीगत खर्च शीर्षकबाट खर्च लेख्नेगरी बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

झ) जिल्ला समन्वय समिति कास्कीको चलानी नं ६६२, मिति २०८२।०२।०६ को पत्रानुसार जिल्ला समन्वय समिति तथा यस गाउँपालिकाबिच लागत साझेदारीमा आ.व २०८२।०८३ मा कार्यान्वयन हुनेगरी योजना/कार्यक्रमको प्रस्ताव माग भएकोमा यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि ठेक्का सम्झौता भइ कार्यान्वयनमा रहेकाले लागत साझेदारी

वापत गाउँपालिकाले बेहोर्ने रकम आगामी गाउँसभाबाट स्रोत सुनिश्चितता हुने बेहोरा सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

ञ) पेस भएबमोजिम **रूपा गाउँपालिका कास्कीको विद्यालय अनुगमन मेन्टरको प्रयोग सम्बन्धी कार्यविधि २०८१** संशोधन प्रस्ताव स्वीकृत गरियो।

मिति २०८१ जेठ १८ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(चिरन्जीवी बराल)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रूपा गाउँपालिका कास्की